**खावासाकी शहरको सरकारी प्राथमिक र माध्यमिक विद्यालयमा आफ्ना बच्चालाई भर्ना गर्न चाहने विदेशी नागरिकहरुको लागि**

तपाइँ आफ्नो बच्चालाई खावासाकी शहरको सरकारी प्राथमिक र माध्यमिक विद्यालयमा भर्ना गर्न चाहानु हुन्छ भने तल उल्लेखित कुराहरुलाई ध्यानमा राखेर आवेदन दिनुहोस्।

## ◎ भर्ना हुनको लागि आवश्यक योग्यता

प्राथमिक विद्यालय – २०१८ साल अप्रिल २ तारिख देखि २०१९ साल अप्रिल १ तारिखको बीचमा जन्मेका बच्चाहरु

माध्यमिक विद्यालय — २०२५ साल मार्च महिनामा प्राथमिक विद्यालयको पढाई पुरा गर्ने योजना भएको बच्चाहरु

※भिषाको अवधि बाँकी भएपनि नभए ता पनि सम्पूर्ण बच्चाहरुले विद्यालयमा भर्नाको लागि आवेदन दिन पाउँछ।

## ◎ भर्ना प्रक्रिया र आवेदन फाराम बुझाउने ठाउँ

### १ भर्ना प्रक्रियाको लागि आवश्यक कुराहरु

- विद्यालय भर्नाको आवेदन फाराम (वडा कार्यालय अथवा शाखा कार्यालय बाट प्राप्त गर्न सक्नुहुन्छ।)

नाम लेख्दा जाइरियु कार्ड अथवा स्थायी बासिन्दा प्रमाणपत्रमा लेखिएको जस्तै लेख्नुहोस्।

ठेगाना र उमेर मिलेको छ कि छैन् भनेर हेर्न मिल्ने कागजपत्र पनि साथमा लिएर आउनुहोस्।

➢ **खावासाकी शहरको सरकारी प्राथमिक विद्यालयको पढाई पुरा गर्ने योजना भएको बच्चाहरुले माध्यमिक विद्यालय भर्नाको लागि आवेदन दिनु पर्दैन्।**

### २ आवेदन फाराम बुझाउने ठाउँ (सम्पर्क गर्ने कार्यालय)

आफु बस्ने वडा कार्यालय (स्थानिय बासिन्दा विभाग बासिन्दा अभिलेख २ नम्बर शाखा), शाखा कार्यालय (स्थानिय बासिन्दा केन्द्र शैक्षिक शाखा)

| | | | |
|---|---|---|---|
| **खावासाकी वडा कार्यालय** | फोन नं.: 044-201-3141 | **ताकाचु वडा कार्यालय** | फोन नं.: 044-861-3161 |
| **दाइसि शाखा कार्यालय** | फोन नं.: 044-271-0138 | **मियामाए वडा कार्यालय** | फोन नं.: 044-856-3141 |
| **ताजिमा शाखा कार्यालय** | फोन नं.: 044-322-1970 | **तामा वडा कार्यालय** | फोन नं.: 044-935-3152 |
| **साइवाइ वडा कार्यालय** | फोन नं.: 044-556-6615 | **आसाओ वडा कार्यालय** | फोन नं.: 044-965-5121 |
| **नाकाहारा वडा कार्यालय** | फोन नं.: 044-744-3172 | | |

## ◎ फाराम बुझाउने अवधि

विद्यालय भर्नाका लागि जुनसुकै बेला पनि आवेदन दिन सक्नुहुन्छ। तर प्राथमिक विद्यालयमा भर्ना गर्नेको लागि स्वास्थ्य जाचँ पनि गर्नु पर्ने हुनाले सकेसम्म चाँडो आवेदन फाराम भरेर बुझाउनुहोस्।

## ◎ विद्यालय भर्नाका लागि स्वास्थ्य जाँचका प्रक्रियाहरु

खावासाकीको सरकारी प्राथमिक विद्यालयमा भर्ना गर्न चाहनु हुने व्यक्तिहरुको बच्चाको स्वास्थ्य जाचँ नोभेम्बर १ तारिख (शुक्रबार) देखि नोभेम्बर २९ तारिख (शुक्रबार) सम्म प्राथमिक विद्यालयमा नै गरिन्छ।。

स्वास्थ्य जाचँको लागि बुकिङ्ग गर्न चाहनुहुन्छ भने तल लेखिएको नम्बरमा फोन गर्नुहोस्।
केहि दिनपछि हुलाक मार्फत स्वास्थ्य जाँचको मिति, समय र स्थानको जानकारी गराउने छौं।

**(सम्पर्क) शिक्षा समिति स्वास्थ्य शिक्षा विभाग फोन नं.:** 044-200-3293

**खावासाकी शिक्षा समिति**